का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १८, अंक ८१
❑ २४ बैशाख २०७७, बुधबार
❑ 6 May 2020, Wednesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: मंगलबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ८२ जना | १६ जना | १३८५० | १२० |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ३६ लाख ७० हजार | १२ लाख १० हजार | दुई लाख ५४ हजार | २२ लाख ७ हजार |



लकडाउनका कारण समस्यामा परेका मजदुर तथा विपन्न परिवार काठमाडौँको रत्नपार्कस्थित बसपार्कमा मङ्गलबार सामाजिक दूरी कायम गरी खाना खाँदै। काठमाडौँ महानगरपालिकाको सहकार्यमा विभिन्न संस्थाको सहयोगमा खाना खुवाउने कार्य भएको हो। *तस्वीरः रोशन सापकोटा*

# धनी गभर्नर !

**सम्पत्ति**

- *झापा, ललितपुर र हेटौंडामा जग्गा*
- *शेयरमा डेढ करोड बढी*
- *टोयोटा कार र २७ तोला सुन*

**आयस्रोत**

- *तलब, दाइजो, पैतृक सम्पत्ति*



पाँच वर्षको लागि राष्ट्र बैंकको गर्भनर नियुक्त भएका महाप्रसाद अधिकारीले सम्पत्ति विवरण सार्वजनिक गरेका छन्।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ वैशाख।

पाँच वर्षका लागि नेपाल राष्ट्र बैंका गभर्नर नियुक्त महाप्रसाद अधिकारीले सम्पत्ति विवरण सार्वजनिक गरेका छन्। खोटाङको खोटेहाङ गाउँपालिका वर्रेमा जन्मिएका अधिकारीसँग करोड भन्दा बढी त शेयर मात्रै रहेको विवरण सार्वजनिक गरेका छन्।

अधिकारी र उनको परिवारका सदस्यहरुको नाममा नबिल, हिमालयन, सिद्धार्थ, बैंक अफ काठमाण्डू, सनराइज, एभरेष्ट, मेगा, नेपाल इन्भेष्टमेन्ट लगायत बैंकमा २७ हजार १८४ कित्ता शेयर छ। यो शेयरको मूल्य एक करोड भन्दा बढी हुन्छ।

अधिकारीसँग चिलिमे, सानिमा, एचआईडीसीएल, माथिल्लो तामाकोशी लगायत जलविद्युत कम्पनीको २७ हजार ९२९ कित्ता शेयर छ। यो शेयरको मूल्य ४० लाख बढी हुन्छ। बाँकी पृष्ठ २ मा

# पुरानै समीकरण, नयाँ अलमल

## ■ ओली–दाहाल भेटवार्ता

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा बदलिएको शक्ति समिकरणका लागि वैशाख २६ मा बोलाइएको स्थायी कमिटीको एजेण्डामा समेत अलमल देखिएको छ। एजेण्डा तय गर्न महासचिव विष्णुप्रसाद पौडेललाई जिम्मेवारी त दिइएको छ, तर छलफलले गति लिन सकेको छैन।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २३ वैशाख।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष द्वय केपी शर्मा ओली र पुष्पकमल दाहालबीच मंगलबार भेटवार्ता भएको छ। अध्यक्ष एवम् प्रधानमन्त्री ओलीलाई भेट्न अध्यक्ष दाहाल प्रधानमन्त्री निवास बालुवाटार पुगेका थिए। भेटवार्तामा सचिवालय बैठकमा पेश गरिने एजेण्डाबारे छलफल भएको दाहालका प्रेस संयोजक बिष्णुप्रसाद सापकोटा जुगलले बताए। उनका अनुसार, स्थायी कमिटी बैठक अगाडि बस्ने सचिवालयमा पेश गरिने एजेण्डाबारे दुई अध्यक्षबीच छलफल भएको छ।

सोमबार पनि ओली र दाहाल बीच बालुवाटारमै छलफल भएको थियो। वैशाख २० गतेको सचिवालय बैठक पछाडि दुई अध्यक्षबीच पार्टीभित्र देखिएको आन्तरिक विवाद हल गर्नेबारे लगातार छलफल हुँदै आएको छ। राजनीतिक दल विभाजन ऐन



संशोधन र संवैधानिक परिषद ऐन संशोधन अध्यादेश ल्याउने सरकारको निर्णय पछि नेकपामा तीव्र विवाद हुँदै आएको छ। तर, गएको वैशाख २० मा बसेको सचिवालय बैठकमा प्रधानमन्त्री ओलीले आत्मलोचना गर्दै स्थायी कमिटी बैठक वैशाख २६ गते बोलाउने निर्णय भएपछि विवाद केही मत्थर भएको छ।

तर, समस्या हल भने भइसकेको छैन। उपाध्यक्ष वामदेव गौतमलाई प्रतिनिधिसभामा लगेर अहिलेकै मन्त्रिपरिषदमा उपप्रधामन्त्री बनाउने अनौपचारिक सहमति पछाडि नेकपाभित्रको शक्तिसमिकरण फेरिएको छ। उपप्रधानमन्त्रीको आश्वासन पछाडि गौतम र महासचिव विष्णुप्रसाद पौडेल प्रधानमन्त्री ओलीको लाइनमा उभिएका छन्। अध्यादेश प्रकरणका बेला गौतम र पौडेल ओली इतर समूहमा पुगेका थिए। त्यस बेला ९ सदस्य सचिवालयमा प्रधानमन्त्री ओलीसँग ईश्वर पोखरेल र रामबहादुर थापा मात्रै रहेका थिए। त्यसबेला प्रधानमन्त्री र अध्यक्ष दुवै पद छोड्न ओलीलाई दबाव दिइएको थियो। तर, गौतम र पौडेलको यूटर्नले भने ओली र दाहाल बीच फेरि नयाँ सम्बन्ध स्थापित हुन पुगेको छ।

तर, बरिष्ठ नेता माधवकुमार नेपाल पक्षले भने पुरानै एजेण्डा छोडेका छैनन्। नेता नेपाल निकट एक स्थायी कमिटी सदस्यका अनुसार, बैठकमा एक व्यक्ति एक पदको प्रस्ताव लैजाने तयारी भएको छ। नेता नेपाल पक्षबाट लैजान लागिएको यो प्रस्ताव समाधानका लागि नै ओली, दाहाल सहित नेताहरु लागिपरेका छन्। दाहाल र गौतमबाटै धोका भएको निष्कर्ष सहित नेता नेपाल पक्ष आफ्नो एजेण्डामा अडिग रहने देखिन्छ। त्यसैले, सचिवालय बस्ने एक दिन बाँकी रहँदा समेत बैठकको एजेण्डा तय गर्न नेकपामा अलमल देखिएको छ।

# लकडाउन थपिने संकेत

**काठमाडौं/मस-** कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले लकडाउन पुनः लम्ब्याउनुपर्ने निष्कर्ष निकालेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीसहित मंगलबार बसेको समितिको बैठकले लकडाउनलाई निरन्तरता दिनुपर्ने निष्कर्ष निकालेको समितिका सदस्य सचिव तथा प्रधानमन्त्री कार्यालयका सचिव नारायणप्रसाद विडारीले जानकारी दिए।



तर लकडाउन लम्ब्याउनेबारे निर्णय बुधबार (आज) बस्ने मन्त्रिपरिषद बैठकले गर्नेछ। जोखिमको अवस्था सबै जिल्लामा एकनासको नरहेकाले के गर्ने भन्ने बारेमा पनि छलफल भएको थियो। फरकफरक ठाउँका हकमा फरकफरक विचार बनाउन सकिएता पनि त्यसको आधार परीक्षण नै भएकाले दायरा अझै बढाउनुपर्ने निष्कर्ष निकालिएको सचिव विडारीको भनाइ छ।




## कुवेतबाट तत्काल अवैध कामदार फर्काउन दवाब

# अन्यथा अप्रिय निर्णयको आशंका

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ बैशाख

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले विदेशमा अलपत्र परी अनिवार्य उद्धारको वाध्यमा रहेका नेपाली नागरिकहरुलाई नअलमल्याउन आग्रह गरेको छ। पार्टी प्रवक्ता विश्व प्रकाश शर्माले मंगलबार बुवेतको फरवानिया ब्लक र अवानको डिटेन्सन सेल्टरमा रहेका नेपालीहरुसँग कुरा गरेपछि उक्त आग्रह गरेका हुन्। विदेशमा संकटमा परी अनिवार्य उद्धारको अवस्थामा रहेकाहरुलाई स्वास्थ्य सुरक्षा चुनौतीको अवस्था देखाएर ल्याउन ढिलाई गरेको भन्दै अलमल गर्ने सरकारी नीति न्यायोचित नभएको प्रवक्ता शर्माले बताए।

प्रवक्ता शर्माले स्वदेश फर्किन ती सेल्टरमा रहेका बागलुङ र म्याग्दीका तीन नेपालीसँग कुरा गरेका थिए। कुवेत सरकारले गत अप्रिल ३० सम्म घोषणा गरेको अवैधानिक विदेशी कामदारलाई घर फर्काउने आममाफी कार्यक्रममा विभिन्न देशका २३ हजार ५ सय अवैध कामदार सहभागी भएका थिए। त्यसमा ३ हजार नेपाली रहेको अनुमान छ। दूतावासले २६ सयको ट्राभल डकुमेन्ट जारी गरेको छ। तर उनीहरु घर फर्किन भने पाएका छैनन्।

कुवेतमा भिसा सकिएको तर उही कम्पनीमा काम गरिरहेको एउटा र कम्पनीको भिसा रहेको तर पहिलो कम्पनी छोडेपछि कम्पनीले प्रहरीमा उजुरी हालेका अर्कोथरी गरी नेपाली दुई प्रकारका अवैध हैसियतमा रहेका थिए।

दश वर्षदेखि कुवेतमा रहेका म्याग्दीका दिपेश छन्त्याल गत जनवरीदेखि अवैध भएका हुन्। उनी आममाफी पाई घर फर्किने प्रक्रियामा छन्। अप्रिल २७ तारिकदेखि आवान सेल्टरमा रहेका उनले एउटा कोठामा ३० जनासम्म राखिएको भन्दै राति १ बजे र अर्को दिन साँझ ६ बजे गरी दुई पटक थोरै खाना खाएको बताए। उनले २७ अप्रिल यता एक हप्ताको अवधिमा एक पटक पनि नुहाउन नपाएको र एउटा ट्वाईलेट दुईसय जनाले प्रयोग गरिरहेको बताए। उनले भने, 'स्यानिटाइजर छैन। दिन बढ्दै जाँदा समस्या बढिरहेको छ। जतिसक्यो चाँडो हामीलाई फर्काउनु पर्‍यो। ७ दिन वितिसकेको छ। थप ७ दिनमा हामीलाई लैजाने प्रयास भएन भने कुवेत सरकारले असहज निर्णय गर्न सक्छ। त्यसपछि हामी थप समस्यामा पर्न सक्छौं।'

सेल्टरमा नेपालीसहित भारतीय, घाना, ईजिप्सियन र पाकिस्तानी नागरिक समेत रहेका छन्। ईजिस्पिसयन नागरिकहरुलाई बुधबार र भारतीय नागरिकहरुलाई बिहीबार स्वदेश फर्काउने तयारी रहेको छ। तर नेपाल सरकारले सेल्टरमा रहेकाहरुलाई स्वदेश फर्काउने पहल समेत नगर्दा उनीहरु आत्तिएका छन्।

फरमानियामा रहेकी बागलुड गल्कोट हटियाकी निर्मला विश्वकर्माले नेपाल सरकार संकटमा फसेका आफुहरुप्रति पुरै उदासिन रहेको आरोप लगाइन्। उनले आक्रोसित मुद्रामा बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## साउदीमा कामदार निकाल्न नपाइने

काठमाडौं/मस- साउदी अरब सरकारले कोरोना भाइरस (कोभिड-१९) पीडित आप्रवासी कामदारहरुलाई लाभ पुग्ने गरी नयाँ निर्णय गरेको छ। साउदी सरकारको निर्णयले कोरोना भाइरसका कारण रोजगारी गुमाई घर फर्किने बाध्यता तत्काललाई कम हुने आंकलन गरिएको छ।

नयाँ निर्णय अनुसार आगामी ६ महिनासम्म कामदारको सहमति विना कामबाट निकाल्न पाइने छैन भने कम्पनी पूर्णरुपमा सञ्चालन नआई काम गर्नुपर्ने समय घटेमा कामदारले पाउनुपर्ने मासिक तलबको ४० प्रतिशतसम्म मात्र कट्टा गर्न पाइनेछ।

हाल साउदी अरबमा कामदारको न्यूनतम तलब एक हजार साउदी रियाल रहेको छ। त्यसको ४० प्रतिशत कटौती गर्दा कामदारले मंगलबारको सटहीदर अनुसार ६ सय रियाल अर्थात् करिब २० हजार रुपैयाँ पाउने छन्।

साउदीका लागि नेपाली राजदूत प्रा.डा. महेन्द्रसिंह राजपुतले कोरोना माहामारीले धेरैको रोजगारी खोसिने त्रास बढीरहेको बेला साउदी सरकारको उक्त निर्णयले नेपाली कामदाहरहरुलाई बाँकी पृष्ठ २ मा

# 'नेपालगञ्ज संक्रमणले थप संवेदनशील हुनुपर्ने अवस्था आयो'

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, २३ बैशाख




भीमदत्त नगरपालिकाका नगर प्रमुख सुरेन्द्र विष्टले नेपालगञ्जमा कोरोना भाइरस संक्रमित देखिएपछि रोकथाम र नियन्त्रणका लागि संवेदनशील हुनु पर्ने अवस्था आएको बताएका छन्। भीमदत्त नगरपालिकाले कोरोना रोकथाम र नियन्त्रणका लागि पत्रकारहरुसित आयोजना गरेको छलफल कार्यक्रममा नगर प्रमुख विष्टले नेपालगञ्जमा देखिएको संक्रमणले समुदाय स्तरमा फैलिने खतरा बढेकोले संवेदनशील हुनुपर्ने बताएका हुन्।

'नेपालगञ्ज घटनाले संक्रमण सामुदायिक स्तरमा जान सक्ने देखिएको छ, त्यस कारण अझै व्यवस्थित रुपमा रोकथाम र नियन्त्रणका कार्यक्रम गरिनु पर्ने आवश्यकता देखियो' नगर प्रमुख विष्टले भने, 'अब रोकथाम र नियन्त्रणका लागि व्यवस्थित योजना नबनाई हुँदैन।'

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस नियन्त्रणका लागि औषधि बन्न नसकेको तथा लक्ष्मणहरु देश अनुसार फरक देखिएकाले सबैले एकजुट भएर लाग्नुपर्नेमा जोड दिँदै नगर प्रमुख विष्टले खुला सीमाका कारण भारत र नेपाल एक अर्को देशमा कोरोना पूर्णरुपमा रोकथाम र निर्मूल नभएसम्म खतरा रही रहने बताए।

'भारतमा पूर्णरुपमा नियन्त्रण र उन्मूलन नभएसम्म नेपाल कोरोना मुक्त हुन सक्दैन' प्रमुख बिष्चले भने, 'नेपालमा पूर्ण नियन्त्रण र उन्मूलन नभएसम्म भारत पनि मुक्त हुन सक्दैन। खुला सीमाका कारण दुबै देशलाई कठिनाई छ।'

भारत सरकारले भीमदत्त नगरपालिकाबाट नजिक पर्ने नैनिता, बरेली र देहरादुन रेड जोनमा राखेकाले भीमदत्त नगरपालिका त्यहाँको अवस्था विश्लेषण गरी अघि बढेको नगर प्रमुख विष्टले उल्लेख गरे। नगर प्रमुख विष्टले दुबै देशले कोरोना संक्रमण रोकथामका लागि गरेको सहमति अनुसार आपशी समन्वय र सहकार्यका आधारमा अघि बढ्नुपर्नेमा जोड दिए। 'लकडाउनपछि जो जहाँ छन्, त्यहीं बस्ने व्यवस्था मिलाउने सहमति गरिएको छ, नगर प्रमुख विष्टले भने, 'सहमति अनुसार अघि बढ्नुपर्छ, सहकार्य र समन्वय गरी जानुपर्छ।'

कोरोना संक्रमण महामारी भावना पोखेर समाधान नहुने उल्लेख गर्दै नगर प्रमुख विष्टले भने, 'मानव जाति र मानव सभ्यता खतरामा छन्, यसको रोकथाम र नियन्त्रणका लागि भावनामा बगेर होइन, पूर्व तयारी र सतर्कता अपनाएर जानुपर्छ।'

भीमदत्त नगरपालिका कोरोना संक्रमण रोकथामका लागि दुई महिनादेखि सक्रियरुपमा लागेको उल्लेख गर्दै नगर प्रमुख विष्टले नगर क्षेत्रमा सुरक्षा व्यवस्थित बनाउन स्थानीय प्रशासनसित समन्वय गरी अघि बढेको बताए।

लकडाउनमा कालोबजारी, अवैध भण्डार, गोदामीकरण लगायतका गलत कार्य रोक्न नगरपालिका स्थानीय प्रशासनसित समन्वय र सहकार्य गरी अघि बढ्ने नगर प्रमुख विष्टले जानकारी दिए।

सहरको तुलनामा गाउँ वस्तीमा लकडाउनको पालना कमजोर देखिएको जन गुनासो आएका र त्यसलाई व्यवस्थित गरिनेमा जोड दिंदैं नगर प्रमुख विष्टले महेन्द्रनगर बजारसहित अन्य क्षेत्रमा शंकास्पद र संवेदनशील क्षेत्रमा कोरोना संक्रमणको आशंकामा सुक्ष्म निगरानी बढाइएको बताए।

'मन्दिर मस्जिदलगायतका अन्य क्षेत्रमा सुक्ष्म रुपमा निगरानी भइरहेको छ' नगर प्रमुख विष्टले भने। भीमदत्त नगरपालिकाले कोरोना संक्रमण रोकथाम र नियन्त्रणका लागि सुरुदेखि कार्यक्रम गर्दै आएको उल्लेख गर्दै नगर प्रमुख विष्टले भने, 'लकडाउन भएको केही दिनमै भोकले पिडालु खाएको अपवाह फैलाइयो।

## ज्यान जोखिममा राखेरै कुँवरको समाजसेवा



**काठमाडौं/मस-** सुदुरपश्चिम घर भई हाल धनगढीमा बसोबास गर्दै आएका समाजासेवी एवं खेलकुद परिषदका केन्द्रीय सदस्य एकेन्द्र कुँवर यतिखेर आफ्नै कामका कारण चर्चामा छन्।

खासगरी सुदुरपश्चिमबाट कोराना टेष्टका लागि २ सय स्वाब परीक्षणका लागि काठमाडौं ल्याउन प्रायस् सबै त्रसित थिए। छिमेकी देश भारतमा कोरोना संक्रमणका घटना बढेसँगै संक्रमणको जोखिम नियन्त्रणका लागि नेपाल र भारत दुवै देशले लकडाउन र सीमानाका पूर्णरुपमा बन्द थियो।

देशभित्रकै आन्तरिक हवाई सेवा बन्द थियो भने यातायातका साधनको आवतजावतमा पूर्णरुपमा रोक लागेको थियो। सुदूरपश्चिम प्रदेश कोरोना संक्रमणको उच्च जोखिममा रहेका बेला १२ गते प्रथम संक्रमित फेला परेसँगै अन्य सम्भावित संक्रमितबाट संकलन गरिएको २ सय स्वाब ४८ घण्टासम्म पनि परीक्षणका लागि काठमाडौं पुऱ्याउने वातावरण थिएन। सोही बेला प्रथम पटक कुँवरले आफ्नो स्वास्थ्य सुरक्षालाई जोखिममा राखेर आफ्नै गाडीमा परीक्षणका लागि स्वाब काठमाडौं पुऱ्याएका थिए।

यतिमा मात्र चुप लागेर बसेका छैनन् कुँवर। समाजसेवालाई पवित्र काम ठान्ने कुँवरले अहिले काठमाडौंका साधु सन्त, अपाङ्ग, दृष्टिविहीनलगायत सुदुरपश्चिम क्षेत्रबाट काठमाडौं आई अध्ययनरत सयौं विद्यार्थीलाई दाल चामललगायतका खाद्यान्न वितरण गरिरहेका छन्। कुँवरले आफ्नै निजी श्रोतबाट सयौंलाई राहत वितरण गरेका हुन्। कुँवरले खासगरी पछिल्लो ४० दिनदेखि जारी लकडाउनका कारण गृहजिल्ला फर्किन नपाई काठमाडौंमा अलपत्र र समस्यामा परेका सुदूरपश्चिमका विद्यार्थीहरुलाई आर्थिक र खाद्यान्न सहयोग गरिरहेका छन्। यस्ता कामले आफुलाई आनन्द र सन्तुष्टि मिल्छ भन्ने कुँवरले गरेको कामको यतिखेर प्रसंशा भइरहेको छ।

## पत्रकार मञ्चलाई प्रेस ज्याकेट, पञ्जा र मास्क हस्तान्तरण



काठमाडौं/मस- काठमाडौंका उत्साही युवा व्यवसायीहरुले कोरोना भाइरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रणको अभियानमा क्रियाशील सञ्चारकर्मीहरुका लागि आवश्यक प्रेस ज्याकेट, पञ्जा र मास्क नेपाल पत्रकार महासंघको एशोशियट शाखा नेपाल पत्रकार मञ्चलाई मंगलबार हस्तान्तरण गरेका छन्।

पिङ्गु सेरावगी, रवि अग्रवाल लगायतका युवा व्यवसायीहरुले नेपाल पत्रकार मञ्चलाई ५० थान प्रेस ज्याकेट, ५ सय थान पञ्जा र ३ सय थान मास्क नेपाल पत्रकार मञ्चका अध्यक्ष युवराज विद्रोहीलाई हस्तान्तरण गरेका हुन्।

उक्त सामग्री विभिन्न सञ्चारमाध्यममा क्रियाशील नेपाल पत्रकार मञ्चका सदस्यहरुलाई वितरण गरिने मञ्चका महासचिव विमलकुमार थापाले बताए। 'अत्यन्तै जोखिमपूर्ण अवस्थामा नाागरिकलाई सुसूचित गर्ने काममा अहोरात्र खटिने पत्रकारहरुका लागि आवश्यक पर्ने सामग्री उपलब्ध गराएकोमा युवा समाजसेवीहरुप्रति मञ्चका तर्फबाट हामी आभार प्रकट गर्दछौं,' मञ्चका अध्यक्ष युवराज विद्रोहीले भने, 'आगामी दिनमा पनि यस्तै सामाजिक कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गर्नेछौं।'

यस्तै युवा व्यवसायी तथा समाजसेवी पिङ्गु सेरावगीले यस्तो जटिल परिस्थितिमा पनि अहोरात्र खटिएर आम नागरिकलाई सुसूचित गर्ने कार्यमा क्रियाशील पत्रकारहरुलाई आफूहरुले सहयोग गर्न पाएकोमा खुशी लागेको बताए। सो सामग्रीहरु विभिन्न सञ्चारमाध्यममा क्रियाशील मञ्चका सदस्यहरुलाई वितरण गरिएको छ।

### धनी...

यस्तै, नेपाल फिल्म, बाँसबारी जुत्ता, हरिसिद्धि इँटा लगायत औद्योगिक निकायको एघार सय कित्ता शेयर छ। नबिल ब्यालेन्स फण्ड २ इन्भेष्टमेन्ट फण्डमा अधिकारीको परिवारले १८ लाख बराबरको १ लाख ८० हजार कित्ता इन्भेष्टमेन्ट फण्ड किनेका छन्।

उनीसँग २७ तोला सुन र ५० तोला चाँदी रहेको छ भने १४ लाख नगद मौज्दात छ। दुई हजार तीन सय डलर रहेको पनि उनले खुलाएका छन्। यी सम्पत्ति पैतृक, विवाहमा दाइजो र खरीद गरेको उल्लेख गरिएको छ। ललितपुरको सैंबुमा २२ सय वर्गफिट घर र २७ आना जग्गा छ। झापामा ३ बिघा, ललितपुरमा १० रोपनी, मकवानपुरको हेटौं २ कठ्ठा जग्गा रहेको छ भने उनीसँग टोयोटा कार तथा दुई वटा मोटरसाइकल छ।

### कुवेतबाट...

भनिन्, 'सरकार हामीले पठाएको रेमिट्यान्सबाट ट्याक्स मात्र खाने हो ? कुवेत सरकारले विदेशी नागरिकहरुलाई पाल्न सक्छ भने नेपाल सरकारले किन घर लैजान सक्दैन ? हामी भेडाबाखाको अवस्थामा छौं, यस्तो अवस्थामा जो जहाँ छौ, त्यहीँ बस भन्ने ? दुई महिना भयो डिउटी नगएको, के खाएर बस्ने ?' उनका श्रमिान कुवेतमै छन्। घरमा ससुरा, सासु र तीन सन्तान रहको उनले बताइन्। उनले भनिन्, 'पैसा पठाउन नसेकेका कारण नेपालमा खानसमेत समस्या रहेको छ।'

सोही सेल्टरमा रहेकी मोरङ मिक्लाजुङकी मञ्जु श्रेष्ठ गर्भवती रहेकी छन्। चिकित्सकले अप्रिल २४ मा उनलाई डेलिभरी डेट दिएको थियो तर बच्चा नजन्मिएपछि सोमबार राति अस्पताल लगिए पनि मंगलबार साँझसम्म बच्चा जन्मिएको थिएन। सिन्धुपाल्चोककी सन्त कुमारी तामाडले पनि सकेसम्म छिटो नेपाल उतार्नु पर्ने माग गरिन्। श्रेष्ठ, विश्वकर्मा र तामाङ सेल्टरमा रहेका प्रतिनिधि पात्र मात्र हुन्।

कुवेतस्थित नेपाली दूतावासका श्रम सहचारी ज्ञानेन्द्र शर्माले नेपाल तथा कुवेत दुबै सरकारसँग समन्वय गरेर नेपाल फर्काउने तयारी गरिरहेका बताए। उनले भने, 'स्थिति अत्यन्तै संवेदनशील रहेको छ, परराष्ट्र र श्रम मन्त्रालयसँग नियमित सम्पर्कमा रहेका छौं। फर्काउन ढिला भए के गर्ने आधिकारिक रुपमा केही जानकारी आएको छैन। तर अवैधानिक रुपमा रहेका नेपालीको दर्ता प्रक्रिया सबैभन्दा पछि शुरु भएकोले घर फर्काउने दर्ता प्रक्रिया पनि अन्तिममा हुने सम्भावना रहेको छ। तर आधिकारीक जानकारी केही आएको छैन।'

**१७ नेपालीद्वारा दूतावासमा धर्ना**

उता दुबईको इमिरेट्स क्याब ट्याक्सीमा काम गर्ने नेपाली नागरिकले तत्काल घर फर्काउन माग गर्दै मंगलबार यूएईस्थित नेपाली दूतावासमा १७ जना नेपालहिरुले धर्ना दिएका छन्। आफुहरु त्यहाँको सारजहामा रहेको कम्पनीले बेवास्ता गरेपछि अलपत्र परेको भन्दै धर्ना दिन पुगेका थिए। नेपालीहरूले कोठा खोजेर राखेको कोठाको भाडाको समय अवधि सकिएका कारण अलपत्र हुने अवस्था आएको भन्दै उनीहरु धर्नाका लागि दूतावास गएका हुन्। नेपाली दूतावासले उनीहरुसँग वार्ता गरी एनआरएनएको सहयोगमा सारजहमा बस्ने व्यवस्था मिलाएको बताएको छ।

**मलेसियामा कामदारलाई फारम भर्न निर्देशन**

यता क्वालालम्पुरस्थित नेपाली दूतावासले त्यहाँ रहेका नेपालीहरुलाई आफ्नो विवरण भरेर दूतावासमा पठाउन सूचना जारी गरेको छ। दूतावासले नेपालीहरुलाई नाम, जन्म मिति, राहदानी नम्बर, नेपालको स्थायी ठेगाना, घरको सम्पर्क नम्बर, नजिकको नातेदारको सम्पर्क नम्बर लगायत भर्न भनेको छ। त्यस्तै मलेसियामा रहेको ठेगाना, सम्पर्क नम्बर, आफ्नो भिसाको किसिम, कुनै आधारमा को मार्फत मलेसिया आएको हो त्यसको विवरण, वैदेशिक रोजगारीका लागि म्यानपावर कम्पनी वा एजेन्टलाई बुझाएको रकमको विवरण समेत भर्न आग्रह गरको छ। त्यस्तै दूतावासले तत्काल नेपाल फर्कन चाहे/नचाहेको समेत खुलाउन भनेको छ।

**'तत्काल ल्याउन नसकिने'**

यता कोरोना भाइरस (कोभिड १९) संक्रमणको असरले वैदेशिक रोजगारी वा अन्य कारणले विदेशमा अलपत्र परेका एवं रोजगारी गुमाएका नेपालीलाई स्वदेश फर्काउनका लागि तत्काल पूर्वतयारी थाल्न कानुन न्याय तथा मानवअधिकार समितिले सरकारको ध्यानाकर्षण गराएको छ। प्रतिनिधिसभाको कानून, न्याय तथा मानवअधिकार समितिको मंगलबार बसेको बैठकले विदेशमा रहेका नेपालीलाई संकटको कारण देखाएर नल्याउने भन्न नपाइने भन्दै तत्काल तयारी थाल्न निर्देशन समेत दिएको छ।

समिति सभापति कृष्णभक्त पोखरेलले विदेशमा अलपत्र परेका सबैलाई एकैसाथ ल्याइहाल्न निर्देशन दिन नसकिने भएपनि सरकारले उनीहरुलाई ल्याउने पूर्व तयारी गरिहाल्नुपर्ने बताए। त्यसैगरी समितिले विदेशमा रहेका नेपाली नागरिकको विवरण पनि पेश गर्न निर्देशन दिएको छ।

समितिले भारतमा रहेका नेपालीहरुको पनि उद्धारको तयारी गर्न सरकारको ध्यानाकर्षण गराएको छ। गृहसचिव महेश्वर न्यौपानेले वैदेशिक रोजगारीमा गएकाहरूलाई ल्याउन नहुने र ल्याउन सक्ने अवस्था नरहेको धारणा बैठकमा राखेका थिए।

### साउदीमा...

केही राहत मिलेको बताए। साउदीको नयाँ निर्णय अनुसार कम्पनीले कामदारलाई वार्षिक बिदा दिन र कामदार स्वयंले पनि बेतलबी बिदा लिन सक्नेछन्। साउदीमा ३ लाख ३४ हजार नेपाली कामदार कार्यरत छन्। उनीहरुमध्ये अधिकांश निर्माण मजदुरका रुपमा रहेका छन्।

यसैबीच विभिन्न कारणले अवैध रुपमा बसेका नेपाली कामदारहरुको ठूलो संख्याले सम्पर्क गर्न शुरु गरेको साउदीस्थित नेपाली दूतावासले बताएको छ। दूतावासले कोरोना संक्रमणको महामारी शुरु हुनुभन्दा अगाडि नै अकमाको म्याद सकिएका, नवीकरण नगरिएका वा ५ महिनाभन्दा लामो समयसम्ममा अकमा नबनाइएका, भगौडा भएका तर कुनै अभियोग नलागेका वा अन्य कुनै कारणले गैरकानूनी हैसियतमा बसेका नेपालीहरुको संख्या दैनिक बढ्दै गएको बताएको हो।

दूतावासले उल्लेखित हैसियतमा रहेका नेपालीहरुले दूतावासको टेलिफोनमा आफ्नो नाम, नेपालको जिल्ला, पासपोर्ट नम्बर, पुरानो अकमा नम्बर, बोर्डर नम्बर, काम, काम गरेको अवधि र अनुभव, काम गर्ने कम्पनीको नाम, नेपालबाट पठाउने म्यानपावर कम्पनीको नाम जस्ता विवरणहरु टिपाउन अनुरोध गरेको छ।

दूतावासले धेरै नेपालीहरुबीच दूतावासको सहयोग पुऱ्याउन गैर आवासीय नेपाली संघ, नेपाली संघसंस्था, सञ्चारकर्मीलाई आग्रह गर्दै महिला, विरामी भई नियमित औषधि सेवन गरिरहेका, दुर्घटनामा परी घाइते भएकाहरुका बारेमा दूतावासलाई जानकारी गराउन समेत आग्रह गरेको छ।

साउदी अरबमा कोरोनाको संक्रमण तीव्र रुपमा बढिरहेको छ। तर संक्रमित हुने विदेशीको राष्ट्रियता नखुलाइने गरिएका कारण संक्रमित नेपालीहरुको संख्या खुलाउन समस्या रहेको बताइएको छ। यद्यपि संक्रमित सबैको समानरुपमा उपचार र खाने प्रवन्धको जिम्मेवारी साउदी सरकारले लिएको छ। मंगलबारसम्म साउदी अरबमा २८ हजार ६ सय ५६ जनामा कोरोना संक्रमण देखिएको छ। त्यसमध्ये १ सय ९१ जनाको ज्यान गएको छ।

## छोरनाङ महिला समाजद्वारा राहत वितरण




**काठमाडौं/मस-** कोरोना भाइरस (कोभिड-१९) को प्रभावले लकडाउन अवधि लम्बिदै गएसँगै खासगरी दैनिक ज्याला मज़दूरी गरेर हातमुख जोर्ने र अशक्तरुपमा जीवन निर्वाह गरिरहेकाहरुलाई समस्या पर्दै गएको छ। यस तथ्यलाई मध्यनजर गर्दै छोरनाङ महिला समाजले काठमाडौं महानगरपालिका ६, बौद्ध सेरोफेरोमा रहेका अपाङ्ग, वृद्धवृद्धा, एकल महिला र मजदुर वर्गलाई लक्षित गरी खाद्यान्न राहत वितरण गरेको छ।

सो क्षेत्रवका ६० विपन्न परिवारलाई राहत वितरण गरिएको छोरनाङ महिला समाजकी अध्यक्ष माया थिङले जानकारी दिइन्। मंगलबार धाराटोलस्थित घ्वोइ लिसाङ बाटिकामा गरिएको राहत वितरण कार्यक्रममा सांसद छिरिङ दोर्जे लामा, वडा अध्यक्ष दिपेन्द्र लामा, बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष चन्द्रमान लामा, कार्यकारी निर्देशक वसन्त लामा, सदस्य माया डोल्मा लामा, पत्रकार अमित लामा तामाङ, छोरनाङ महिला समाजका पदाधिकारीलगायत सदस्यहरुको उपस्थिति रहेको थियो।

## वेलफेयर सोसाइटीद्वारा सुरक्षा सामग्री तथा स्वस्थ्य परीक्षणमा सहयोग

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २३ बैशाख




कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिका १ पकडीमा रहेको युथ वेलफेयर सोसाइटीले मायादेवी गाउँपालिकाका विभिन्न क्षेत्रमा सुरक्षा सामग्री हस्तान्तरणगर्नुका साथै स्वास्थ्यकर्मीको टोलीसहित गाउँ-गाउँमा स्वास्थ्य परीक्षण गराएको छ।

मायादेवीको स्वास्थ्य कार्यालय पकडी र ईलाका प्रहरी कार्यालयहरुमा मास्क, सेनिटाइजर, ह्यन्ड ग्लोब्स, हेन्डवास वितरण गरेको छ। सोसाइटीको सह्राहनीय कार्यप्रति स्वास्थ्य कार्यलयका प्रमुख डा. विश्नाथ ठाकुरले खुशी व्यक्त गरे।


टोलीले कोरोना भाइरस (कोभिड-१९) को प्रभावबाट बच्नका लागि स्वस्थ्यकर्मीको टोलीसहित मायादेवी गाउँपालिकाका विभिन्न क्षेत्रहरुमा स्थानीय सर्वसाधारणमा उच्च तापक्रम, रुघाखोकी, टाउको दुखाईका साथै विभिन्न लक्षणको जाँच गराएको छ।

संस्थाका अध्यक्ष मोहम्मद वकिल मुसलमानको पहसमा आफुहरु दिनरात जनताको हरेक क्षेत्रहरुमा सेवा दिन सकृय रहेको संस्थाका उपाध्यक्ष वलिउद्दिन मुसलमानले बताए।

खासगरी कोरोना महामारी रोक्न लागू गरिएको लकडाउनका कारण बढी प्रभावित ज्यालादारी गर्ने विपन्न घरपरिवार र सुरक्षाको जोखिम महसुस गरेर सेवामा खटी रहेको सुरक्षाकर्मीहरुलाई आवश्यक सुविधा दिन तयार रहेको उल्लेख गर्दै आवश्यक सेवाका लागि संस्थाको सम्पर्क नं. ९८०३८४२५६४ मा फोन मार्फत जानकारी गराएमा घरदैलोमा सक्दो सेवा उपलब्ध गराइने पनि उपाध्यक्ष मुसलमानले जानकारी दिए।

### कपिलवस्तुमा मुम्बईबाट आएका १०४ जना अलपत्र

## स्थानीय सरकार र प्रदेश सरकार मौन




**कपिलवस्तु/मस-** कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिका अन्तर्गत पर्ने चाकरचौडा नाका र गौरा नाकामा भारतको मुम्बईबाट हिडेर आएका ४७ जना नेपालीहरु अलपत्र परेका छन्। अलपत्र परेका अधिकांश व्यक्तिहरु कपिलवस्तुका हुन् भने बाँकी छिमेकी जिल्ला रुपन्देही र अर्घाखाँचीका रहेका छन्।

उनीहरु भारतको मुम्बईबाट हिडेर आएको र आउने क्रम जारी रहेको अस्थायी प्रहरी पोष्ट चाकरचौडाका असाई जनार्दन यादवले जानकारी दिए। नेकपा कपिलवस्तुका युवा नेता फैजल खान र स्थानीयवासीहरुको सहयोगमा उनीहरुलाई खाजा खानालगायतका सहयोग गरिराखेका छन्। अहिले सम्म उनीहरुको उद्धारका लागी स्थानीय सरकार र प्रदेश सरकारले कुनै चासो नराखेको नेकपा युवा नेता खानले बताए।

आफुहरु भारतको मुम्बईबाट हिडेर आई दिनरात भोक भोकै बसेको र स्थानीय तथा प्रदेश स्तरबाट कुनै पनि सुनुवाई नभएको पिडितहरुले बताए।

यसैबीच कपिलवस्तु यशोधरा गाउँपालिकाको मर्यादपुर (खुनुवा) सीमा नाकामा अलपत्र परेका ५७ जना नेपालीहरुलाई गाउँपालिका अध्यक्ष गिरिजेश पाण्डेयद्वारा खानपिनको पूर्ण व्यवस्था मिलाइएको छ। अध्यक्ष पाण्डेयले उनीहरुलाई उद्धार गरी क्वारेन्टाइनमा राख्न व्यवस्थासमेत मिलाइ दिएका छन्।

## सिरहा, भलुवाहीमा राहत वितरण शुरु

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, २३ बैशाख



सिरहा नगरपालिका वडा नं. ११ को वडा कार्यालले लकडाउनबाट विशेष प्रभावित दलित, मजदुर, विपन्न वर्ग तथा गरिवलाई राहत वितरण शुरु गरेको छ। वडामा ४ हजार एक सय ९२ जनसंख्या ८ सय ८ घर धुरी रहेकोमा पहिलो चरणमा ३ सय ८० घरपरिवारलाइ राहतका लागि सर्वदलीय समितिले छनोट गरेको छ। सामाजिक दुरीलाई ध्यानमा राखि दलित तथा मजदुरलाई पहिलो प्राथमिकतामा राखेर राहत वितरण शुरु गरिएको हो।

प्रत्येक प्रभावित परिवारका लागि चामल २५ किलो, मसुरोको दाल ३ किलो, खानेतेल २ लिटर, नुन २ किलो र हात धुने साबुन २ थानसहितका प्यकेज व्यवस्था गरिएको वडा सहायक राम एकवाल कामतीले बताए।

वडा भरी लकडाउकै कारणले कसैको चुलो बन्द हुन नदिने वडा अध्यक्ष बिनोद कुमार कामतीले प्रतिवद्धता व्यक्त गरेका छन्। उनले कोरोना भाइरस महामारीकै कारण कुनै पनि समस्या कसैलाई भए सिधा वडा कार्यालयमा सम्पर्क राख्न अनुरोध गरेका छन्।

राहत पाउन सकिने लक्षितवर्ग छुट भएमा सर्वदलीय छलफलबाट सहजताको साथ राहत वितरण गरिने वडा अध्यक्ष कामतीले बताए।

# एसियाली खेलकुदमा रजत जितेकी राजभण्डारीले गरिन् सहयोग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ वैशाख



एसियाली खेलकुदको तेक्वान्दोमा रजत जितेकी सविता राजभण्डारीको सहयोगमा कोरोना भाइरस (कोभिड १९) का कारण मारमा परेका दैनिक ज्यालादारी गर्ने मजदुरलगायत पीडित परिवारलाई मंगलबार राहत स्वरुप खाद्य सामाग्री प्रदान गरिएको छ।

सवितासहित उनका पति किशोर श्रेष्ठको सहयोगमा काठमाडौं महानगरपालिका वडा ११ का २ सय पीडित परिवारलाई राहत प्रदान गरिएको हो। राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रमेशकुमार सिलवालले पीडित वर्गको पहिचान गर्दै सम्बन्धितलाई वितरण गर्ने गरी वडा अध्यक्ष हीरालाल तण्डुकारलाई राहत सामाग्री हस्तान्तरण गरे। सो अवसरमा वडा सदस्य समेत रहेका चार पटकका स्नुकरका राष्ट्रिय च्याम्पियन सरोजकुमार मुल्मीलगायतका पदाधिकारीहरुको पनि उपस्थिति रहेको थियो। हस्तान्तरण गरिएका खाद्य सामाग्रीमा चामल, चिउरा, आलु, प्याज, नुन, तेल र साबुन रहेका छन्।

सविताले सन् १९९८ मा थाइल्यान्डको बैंककमा भएको एसियाली खेलकुदमा रजत जितेकी थिइन्। एसियाली खेलकुदमा कुनैपनि नेपाली खेलाडीले व्यक्तिगत स्पर्धामा जितेको यो एक मात्र रजत पदक पनि हो। टिम स्पर्धामा भने नेपालले प्याराग्लाइडिङमा रजत जितेको छ। सन् २०१८ मा इन्डोनेसियामा भएको एसियाली खेलकुदमा नेपालले पुरुष टिम क्रस कन्ट्रीमा रजत जितेको थियो। सविताका पति किशोरले पनि सन् १९९८ कै बैंकक एसियाडको तेक्वान्दोमा कांस्य जितेका थिए। उनीहरु अमेरिकाको सियाटलमा बस्छन्। २०७२ सालको विनाशकारी भुकम्पबाट पीडितहरुलाई पनि उनीहरुले आर्थिक सहयोग गरेका थिए।

# कोरोना असरः अस्ट्रेलियालाई हप्तामा २.५ अर्ब डलर नोक्सानी



**सिड्नी, एजेन्सी**-कोरोनाभाइरसका कारण आंशिक लकडाउनलाई निरन्तरता दिएको अस्ट्रेलियाले प्रत्येक हप्ता झण्डै २ अर्ब ५० करोड अमेरिकी डलर नोक्सानी व्यहोर्नु परेको सरकारले जनाएको छ। यस संकटका कारण लाखौं मानिस बेरोजगार पनि भएका छन्।

अस्ट्रेलियाले कोविड-१९ को प्रसारलाई नियन्त्रणमा ल्याउन निकै सफलता प्राप्त गरेको छ। हाल अस्ट्रेलियाका अधिकांश क्षेत्रमा कोरोनाभाइरस संक्रमितको संख्या नगण्य बराबर मात्र छ।

तर क्यानबेरामा आयोजित एक कार्यक्रममा सम्बोधन गर्दै अर्थमन्त्री जस फाइडेनबर्गले कोरोनाभाइरसको संक्रमण रोक्न सरकारले घोषणा गरेको लकडाउनले मुलुकको अर्थतन्त्रमा ठूलो नोक्सानी भएको बताए।

हाल जारी प्रतिबन्धहरुले हरेक साता करिब अढाई अर्ब अमेरिकी डलर बराबर नोक्सानी भइरहेको बताउँदै अर्थमन्त्री फाइडेनबर्गले आर्थिक कृयाकलापमा कमी आएको, उत्पादकत्व र उपभोगमा पनि कमी आएको जानकारी दिए। अस्ट्रेलियाको तथ्यांक ब्यूरोले यसै साता सार्वजनिक गरेको प्रतिबेदनमा पनि रोजगारीमा ७.५ प्रतिशत कटौती हुने उल्लेख छ। करिब एक करोड ३० लाख सक्रिय रोजगारीमध्ये झण्डै १० लाख व्यक्ति बेरोजगार हुनु परेको ब्यूरोको भनाई छ।

सबैभन्दा बढी प्रभावित होटल तथा पर्यटन क्षेत्रमा झण्डै एक तिहाई व्यक्तिले रोजगारी गुमाएका छन्। कला र मनोरंजन क्षेत्रमा २७ प्रतिशत बेरोजगार भएका छन्।

अर्थ मन्त्रालयले यसअघि कोरोनाभाइरसका कारण वर्षको मध्यमा बेरोजगारी दर १० प्रतिशत हुने अनुमान गरेको थियो। तथ्याँक ब्यूरोले पनि देशभर करिब ३१ प्रतिशत घरपरिवारको आर्थिक स्थिति कमजोर हुने आँकलन प्रस्तुत गरेको थियो।

अस्ट्रेलियामा कोविड-१९ बाट संक्रमितको संख्या ६ हजार ८०० भन्दा बढी रहेको छ र ९६ जनाको मात्र ज्यान गएको छ। अस्ट्रेलियाका सिड्नी र मेलबोर्नमा सबैभन्दा बढी कोरोना संक्रमित भेटिएका छन्।

# फुटबलर समीक्षाको उपचारमा चिकित्सकको लापरवाही



**विक्रम गिरी/रासस**
काठमाडौं, २३ वैशाख

चिकित्सकको लापरवाहीका कारण महिला फुटबलकी उदीयमान खेलाडी समीक्षा मगरको उपचार कठिन बनेको छ। गम्भीर चोट लागेको १२ दिन भइसक्दा पनि मगरको आँखाको शल्यक्रिया गर्न सकिएको छैन। उनको आँखाको घाउ दिन प्रतिदिन बढ्दै गएको छ।

उदयपुरको बेलका नगरपालिका-६ की समीक्षाको यही वैशाख १२ गते बारीमा काम गर्दा ढुङ्गा उछिट्टिँदा दाहिने आँखामा चोट लागेको थियो। अर्को दिन उनलाई उपचारका लागि बुबा र दाजुले मोटरसाइकलमा धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ल्याइपुऱ्याएका थिए।

प्रतिष्ठानका चिकित्सकले आँखाको उपचार थाल्नुको सट्टा समीक्षालाई कोरोना भाइरसको आशङ्कामा आइसोलेसनमा राखेका थिए। 'उदयपुरबाट आएको भन्ने थाहा पाएपछि आइसोलेसनमा राखे, उपचारतर्फ ध्यान दिएनन्', हाल विराटनगरस्थित आँखा अस्पतालमा रहेका समीक्षामा बुबा दलबहादुरले फोनमा भने, 'चिकित्सकको लापरवाहीले छोरीको उपचारमा समस्या भयो।' चार दिनपछि चिकित्सकले उपचार हुन नसक्ने भन्दै विराटनगर आँखा अस्पताल लैजान उनलाई सल्लाह दिएका थिए।

धरानका चिकित्सकले तीन दिनसम्म आइसोलेसनमा राखेकै कारण समीक्षाको उपचार गर्न कठिन बनेको छ। 'समयमै अस्पताल नपुर्याउँदा चिकित्सकले आँखाको ज्योति गुम्ने खतरा बढ्यो भनेका छन्', अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को प्रदेश नं १ उपाध्यक्ष किशोर राईले भने, 'शल्यक्रिया गर्न ढिला भएको छ, चिकित्सकसित सल्लाह गरिरहेका छौं।' घाउ नघटेकाले शल्यक्रिया गर्न ढिला भएको चिकित्सकले जानकारी गराएको उनले बताए। समीक्षाको उपचारको सबै खर्च एन्फाले बेहोर्ने राईले जानकारी दिए।

बारीमा सिमल तरुल खन्ने क्रममा १५ वर्षीया समीक्षाको आँखामा चोट लागेको थियो। आँखा दुख्न थालेपछि उनलाई रामपुर ठोक्सिला स्वास्थ्य चौकी पुऱ्याइएको थियो। आँखाको नानीमा चोट लागेका कारण उनलाई चौकीका स्वास्थ्यकर्मीले उपचारका लागि धरान लैजान सल्लाह दिएका थिए।

उनलाई ज्वरो आएको भन्दै बिपी प्रतिष्ठानका चिकित्सकले कोरोना भाइरसको आशङ्का गरे। उपचारतर्फ नलागिकन समीक्षालाई आइसोलेसनमा राखियो। 'हामीले उपचार भइरहेको छ भन्ने ठान्यौं', समीक्षाका दाजु सनमले भने, 'चार दिनपछि चिकित्सकले विराटनगर लैजानुस् भनेपछि आत्तियौं।' समीक्षाको नमूना सङ्कलन गरेर परीक्षण गरेपछि तीन दिनपछि उनको कोरोना रिपोर्ट नेगेटिभ आएको थियो।

समीक्षालाई वैशाख १८ गते विराटनगरस्थित आँखा अस्पतालमा भर्ना गरिएको छ। उनको अवस्थाबारे बुबा दलबहादुर र दाजु सनमलाई खासै जानकारी छैन। दुवै जना समीक्षालाई सन्चो होला कि भनेर अस्पतालमा कुरेर बसेका छन्।

उपचारका लागि ढिला ल्याएका कारण समस्या जटिल रहेको चिकित्सले जानकारी दिएको सनमले बताए। अहिले दुवै जनाको मन भतभती पोलिरहेको छ। 'धरानका चिकित्सकले शुरुमै आँखा अस्पताल लैजान सल्लाह दिएको भए यस्तो हुँदैनथ्यो', बुबा दलबहादुरले भने।

यु-१६ राष्ट्रिय महिला टोलीकी सदस्य समीक्षाले स्थानीय लिटिल स्टार स्कुलबाट ८ कक्षाको परीक्षा दिएकी हुन्। उनी स्थानीयदेखि राष्ट्रियस्तरका फुटबल प्रतियोगितामा भाग लिँदै आएकी थिइन्। अग्रपङ्क्तिमा खेल्ने गरेकी समीक्षा सम्भावना बोकेकी खेलाडी थिइन्। आर्थिक अवस्था निकै कमजोर भएका कारण हाल उनको उपचारमा विभिन्न सङ्घ संस्था तथा व्यक्तिहरुले सहयोग गर्दै आएका छन्। उनको उपचारका लागि विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले सोमबार २५ हजार सहयोग गरेका छन्।

# पेरुका विपक्षी नेत्री फुजीमोरी जेलमुक्त



**लिमा, एजेन्सी**-भ्रष्टाचारको आरोपमा कारागारमा रहेकी पेरुकी विपक्षी नेत्री किको फुजीमोरी सोमबार तीन महिनाका लागि जेलमुक्त हुनुभएको छ।

राजधानी लिमास्थित महिला कारागारबाट जमानतमा बाहिरिने क्रममा नेत्री फुजीमोरीले मास्क र सेतो ग्लोब लगाएका थिए। जेलबाट बाहिरिनुअघि उहाँले ट्वीटर मार्फत आफूले तत्कालै कोरोनाभाइरसको परीक्षण गर्ने बताए। पेरुको अदालतले ४४ वर्षीया फुजीमोरीलाई २० हजार अमेरिकी डलर बुझाएसँगै जमानतमा रिहा गर्न आदेश दिएको थियो।

दुई सन्तानकी आमा फुजीमोरीले कोरिल्लोस महिला जेलमा कोरोनाभाइरस संक्रमण हुने खतरा रहेको भन्दै रिहाईका लागि आग्रह गरेकी थिइन्। नेत्री फुजीमोरीले घर फिर्ता भएसँगै जारी गरेको भएको भिडियो सन्देशमा पेरुका कारागारहरुको अवस्था निकै चिन्ताजनक रहेको बताइन्। फुजीमोरीलाई दुई महिना पहिले जनवरीमा भ्रष्टाचारको आरोपमा थुनामा राखिएको थियो। फुजीमोरीमाथि ब्राजिलको निर्माण कम्पनी ओडीब्रेख्तबाट सन् २०११ को राष्ट्रपतीय निर्वाचनका बखत आफ्नो पार्टीका लागि १२ लाख अमेरिकी डलर घुस लिएको आरोप छ।

फुजीमोरी पेरुका पूर्व राष्ट्रपति ८१ वर्षीय अल्बर्टो फुजीमोरीकी छोरी हुन्। पेरुमा स्न १९९१ र १९९२ मा भएका दुई वटा आमहत्याका लागि आदेश दिएको आरोपमा अल्बर्टो फुजीमोरी २५ वर्षका लागि जेलमा छन्।

# कोरोनाभाइरसबाट नाइजरका श्रममन्त्रीको निधन

**नियामे, एजेन्सी**-कोरोनाभाइरसका कारण अफ्रिकी मुलुक नाइजरका श्रम तथा रोजगार मन्त्री मोहमद बेन ओमारको निधन भएको सरकारी टेलिभिजनले जनाएको छ। सत्तारुढ सोसल डेमोक्र्याटिक पार्टी (पिएसडी)ले राजधानी नियामेमा उपचारकै क्रममा ५५ वर्षीय बेन ओमारको आइतबार निधन भएको जनाएको छ।

मन्त्री बेन ओमारको निधन भएको समाचार प्रशारण गर्नुअघि टेलिभिजनले मन्त्री बेन ओमारले कोरोनाभाइरसका बारेमा व्यक्त गरेका सन्देशहरु प्रशारण गरेको थियो। सन्देशमा मन्त्री ओमारले कोरोनाभाइरस निकै खतरनाक र घातक रहेको तथा यो प्रकाशको गतिमा तिब्र रुपमा फैलिने स्वभावको रहेको बताएका थिए। नाइजरका राष्ट्रपति मोहमदु इसोफुले बेन ओमारको निधनबाट आफू अत्यन्त दुखित भएको बताएका छन्।

नाइजरमा हालसम्म ७५५ जनामा कोराना संक्रमण हुनुका साथै ३७ जनाको मृत्यु भएको छ। नाइजरमा हाल आपतकालीन स्थितिको घोषणा गर्नुका साथै यसका सीमा, धार्मिक स्थल तथा विद्यालयहरु सबै बन्द गरिएका छन्। साथै राजधानी नियामेलाई देशका अन्य भागबाट अलग्याइएको छ।

# भारतमा कोरोनाभाइरसबाट ४६ हजार संक्रमित



**नयाँ दिल्ली, एजेन्सी**-कोरोनाभाइरसको संक्रमणबाट भारतमा पहिलोपटक एकै दिन सबैभन्दा बढी संक्रमित व्यक्ति भेटिएका छन्। भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार विगत २४ घण्टाको अवधिमा ३ हजार ९०० जना नयाँ संक्रमित फेला परेका छन् भने १९५ जनाको मृत्यु भएको छ।

भारतमा यो सहित मृत्यु हुनेको संख्या एक हजार ५६८ पुगेको छ भने संक्रमितको संख्या ४६ हजार ४३३ पुगेको छ। मन्त्रालयका अनुसार १२ हजार ७२७ जना निको भएर घर फर्किएका छन्। अहिले पनि ३२ हजार १३८ जना उपचारका क्रममा रहेका छन्। भारतीय राज्य महाराष्ट्रमा १४ हजार ५४१ जना तथा गुजरातमा ५ हजार ८०४ जना संक्रमित भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

# जनरल इलेक्ट्रिकले १० हजार कर्मचारी हटाउने



**न्यूयोर्क, एजेन्सी**-विश्वभर फैलिएको कोरोनाभाइरस महामारीका कारण मागमा व्यापक कमी आएको भन्दै अमेरिकी कम्पनी जनरल इलेक्ट्रिकले अरु १० हजार कर्मचारी कटौती गर्ने सोमबार घोषणा गरेको छ। कम्पनीले खासगरी उड्डयन क्षेत्रमा काम गर्ने मजदूरहरु हटाउन लागेको हो। जीई भनिने यस कम्पनीले जारी गरेको विज्ञप्तिमा प्रारम्भमा मार्चमा २ हजार ६०० कर्मचारी कटौती गर्ने जनाएको थियो। कम्पनीले उड्डयन क्षेत्रका कारखानाबाट करिब २५ प्रतिशत रोजगारी कटौती गर्ने अर्थात १३ हजार कर्मचारी हटाउने लक्ष्य राखेको छ।

बोइङले पनि गत साता नागरिक बिमान उत्पादन कारखानामा कार्यरत करिब १० प्रतिशत अर्थात १६ हजार कर्मचारी हटाउने घोषणा गरेको थियो। बोइङका ७८७, ७७७ र ७३७ म्याक्स शृंखलाका बिमानहरु निर्माणमा अबरोध आएपछि उत्पादनमा व्यापक कटौती भएको छ। बोइङको यस समस्याका कारण जीई कम्पनीले पनि क्षति व्यहोर्नु परेको छ। जीई कम्पनीले बोइङ र एयरबस दुबैका लागि इन्जिन निर्माण गर्दछ।

गत फेब्रुअरीको तुलनामा दोस्रो चौमासिकमा विश्वभर नै हवाई उड्डयनमा ८० प्रतिशतले कमी आउने जीईको अनुमान छ। जीईले आफ्ना करिब ५२ हजार कर्मचारीलाई यस विषम परिस्थितिका बारेमा लिखित जानकारी पनि दिइसकेको छ।

जीईका सिइओ डेभिड जोयसले कर्मचारीहरुलाई पठाएको पत्रमा कम्पनीको व्यवसाय जोगाउन पनि कर्मचारी कटौतीजस्तो कठिन निर्णय गर्नु परेको बताए। यो कर्मचारी कटौतीको मुख्य उद्देश्य नै यस वर्ष करिब ३ अर्ब डलर बचत गर्नु हो।

यसबाहेक, बिमानहरुको मर्मतका क्षेत्रमा कार्यरत आधाभन्दा बढी कर्मचारीले तीन महिनादेखि काम पाएका छैनन्। नयाँ कर्मचारी भर्ना रोकिएको छ भने बोनस बाँड्ने अवस्था छैन।

जीईको पहिलो चौमासिकमा आम्दानीमा झण्डै ८ प्रतिशतले कमी आई २० अर्ब ५० करोड डलरमा सीमित भएको छ।

# इंग्लिस प्रिमियर लिग अब युट्यूबमा

**काठमाडौं, एजेन्सी**- इंग्लिस प्रिमियर लिग फुटबल युट्यूबमा हेर्न पाइने भएको छ। विश्ववयापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण समाधान भएपछि सुरुहुने लिगका खेल प्रशारणका लागि युट्यूब र आयोजकबीच छलफल हुँदैछ।

कोरोनाले रोकिएको प्रिमियर लिग सुचारु हने नयाँमिति टुंगो लागेको छैन। जुन ९ पछि लिग गर्न लिग कमिटि कस्सिएर लागेको छ। बिना दर्शक लिग हुने सम्भावना छ। देशमा लिग गर्न नसके अष्ट्रेलियामा लिग गर्ने बिषयमा पनि छलफल हुँदैछ। यस्तो परिस्थितीमा कोरोनापछि लिग केही सुस्ताउन सक्ने इङ्गल्याण्ड फुटबल संघ र लिग कमिटिको अनुमान छ। त्यसकारण केही समयका लागि युट्यूबमा निशुल्क फुटबल देखाउने तयारी भएको हो। प्रिमियर लिग सुचारु भएपछि महत्वपुर्ण खेल लाईभ हिस्सेदार स्काई स्पोर्ट, बिटी स्पोर्टसले प्रशारण गर्नेछन् भने बाँकी सबै खेलहरु युट्यूबमा प्रशारण हुने संभावना छ।

लाईभ देखाउने कुरामा सहभागि सबै क्लब सहमत समेत छन्। युट्युबमा लाईभ देखाएको अबस्थामा प्रिमियरलिगलाई हुने फाईदाका बिषयमा पनि अध्ययन हुँदैछ तर यो बिषयमा सहमति बन्न कम्तिमा एक साता लाग्न सक्छ।

प्रिमियर लिगका आधिकारीक लाईभ स्काई स्पोर्ट र बिटी स्पोर्टसका अलावा युट्यूबलाई पनि प्रशारण अधिकार दिएको खण्डमा लिगले रोचकता पाउने, कोरोना महामारीका बेला पनि धेरैमाझ देखाउन सकिने, आर्थिक फाईदा लिन सकिने आयोजकको विश्वास छ।

# अफगानिस्तान हवाई आक्रमणमा १६ जनाको मृत्यु

**काबुल, एजेन्सी**-अफगानिस्तानको उत्तरी बाल्ख प्रान्तमा मंगलबार सरकारी सैनिक हवाई आक्रमणमा तालिबानका एक जना प्रमुख कमान्डर सहित १५ जनाको मृत्यु भएको अफगान सेनाले जनाएको छ। उत्तरी कमान्डका सैनिक प्रवक्ता मोहम्मद हनिफ रेजाईले उक्त हवाई आक्रमणमा तालिबानका कमान्डर मुल्लाह याकुब पनि मारिएको बताए। तालिबान समूहको रेड युनिटका कमान्डर मुल्लाह याकुब सहितका तालिबानी लडाकूहरु भेला भएको सूचनाका आधारमा राति १ बजे हवाई कारबाही गरिएको पनि प्रवक्ता हनिफले जानकारी दिए। सैनिक प्रवक्ता हनिफले बाल्ख र छिमेकी जज्वान तथा फरयाब प्रान्तमा समेत निकै कुख्यात व्यक्तिका रुपमा चिनिएका याकुबको भौतिक उपस्थिति अब समाप्त भएको बताए।

जस्तो सीप उस्तै रोजगार
मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np
नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस।
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

### गभर्नरले भने

## अब अर्थतन्त्र सुधारमा केन्द्रित हुनुपर्छ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ बैशाख



नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अब अर्थतन्त्र सुधारमा केन्द्रीत हुनुपर्ने बताएका छन् । संघीय संसद अन्तर्गतको अर्थ समितिमा बोल्दै उनले कोरोना भाईरसले थिलथिलो पारेको अर्थतन्त्रालाई सुधार गर्नका लागि केन्द्रीत हुनुपर्ने बताएका हुन । उनले ५ करोडभन्दा माथिको कर्जा मात्रै करिब ११ खर्ब ६५ अर्ब रहेको बताएका छन् । उनका अनुसार कुल कर्जाको ३६ प्रतिशत ठूला कर्जा विस्तार गरिएको छ । २०७७ वैशाख २१ गतेसम्म बैंक तथा वित्तीय संस्थाबाट कुल ३२ खर्ब ४६ अर्ब रुपैयाँ कर्जा प्रवाह भएको छ । गभर्नर अधिकारीले सो कार्यक्रममा ५० लाखभन्दा तलको कर्जा ३४ प्रतिशत रहेको पनि जानकारी दिए । बाँकी कर्जा भने यसबीचको रहेको राष्ट्र बैंकले जानकारी दिएको छ ।

बैंक तथा वित्तीय क्षेत्रबाट प्रवाह भएको कर्जामा सबैभन्दा बढी होलसेल र रिटेल हो । यो क्षेत्रमा ६ खर्ब ६० अर्ब रूपैयाँ कर्जा प्रवाह भएको उनको भनाई थियो । बैठकमा पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले बैंकिङ क्षेत्रबाट प्रवाह हुने कर्जा उत्पादनमूलक क्षेत्रमा हुन नसकेको टिप्पणी गरे । 'बैंक तथा वित्तीय क्षेत्रबाट प्रवाह हुने कर्जा उत्पादनमूलक क्षेत्रमा भन्दा अनुत्पादनमूलक क्षेत्रमा बढी भएकोले यसबाट प्रतिफल नआएको हो,' उनले भने 'कर्जा आवश्यक वर्गमा पुग्न सकेन, हुने खाने वर्गको पहुँचले बढी उपयोग गर्यो ।'

भट्टराईले बैंकिङ क्षेत्रमा कर्जाको ब्याज बढी भएको यो घटाउन समेत आग्रह गरे । बैंकिङ क्षेत्र सेवाभावमा भन्दा पनि पैसा खेलाएर पैसा कमाउने ध्यानमा लागेको उनले भनाइ थियो । विकसित देशमा २२३ प्रतिशतमा ब्याज पाइने बताउँदै उनले भने-निक्षेप र कर्जा दुबैको ब्याजदर बढी छ ।' नेपालको बैंकिङ क्षेत्रबाट सवारी साधन खरिद गर्न, घर बनाउन, जग्गा किन्नको लागि सहजै ऋण पाइने र उत्पादनमूलक क्षेत्रमा लगानी गर्न चाहेको खण्डमा कर्जा नपाउने समस्या रहेकोले यसको अन्त्य गर्न गभर्नर अधिकारीलाई उनले आग्रह समेत गरे ।

मंगलबारको अर्थ समिति बैठकमा पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले राष्ट्र बैंकमा रहेको पुनर्कर्जा कोषलाई एक खर्ब रुपैयाँ पुर्याउन पनि सल्लाह दिए । 'अर्थमन्त्री डा. युवराज खतिवडाले पनि सो कोषलाई बढाएर एक खर्ब पुर्याउनु भन्नु भएको छ,' उनले भने । हाल सो कोषमा ६० अर्ब रुपैयाँ रहेको छ । विदेशबाट फर्किएका तथा फर्किने तयारीमा रहेका युवालाई व्यवस्थापन गर्न आवश्यक नीति राष्ट्र बैंकले तर्जुमा गभर्नर अधिकारीलाई सुझाएका छन् । 'राष्ट्र बैंकले कुन कुन देशबाट कति श्रमिक फर्किन्छन् भनेर अध्ययन गरी रोजगारी सिर्जना गर्ने क्षेत्रमा बैंक तथा वित्तीय क्षेत्रले लगानी बढाउने नीतिगत व्यवस्था गर्नुपर्छ,' उनले भने 'अहिले कृषि क्षेत्रमा रोजगारीको माग बढ्न सक्छ ।'

## उद्योगलाई ३ तहमा विभाजन गरी संचालनमा ल्याउने तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ बैशाख



सरकारले उद्योग व्यवसाय ३ तहमा विभाजन गरी संचालन गर्ने भएको छ । कोरोना भाईरसले निम्त्याएको लकडाउनका कारण उद्योगधन्दा बन्द भएपछि उद्योगधन्दा संचालनमा केही सहजीकरण गर्ने भएको हो । उद्योगधन्दा सञ्चालनका लागि केही खुकुलो बनाउने तयारीका साथ आवश्यक निर्णय गर्ने मंगलबार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्री लेखराज भट्टले जानकारी दिए । लामो समयसम्म उद्योग व्यवसाय बन्द हुँदा मुलुकको आर्थिक स्वास्थ्यमा नराम्रो असर परेको, श्रमिक तथा उद्योगीलाई समेत ठूलो मार परेकाले केही खुकुलो बनाउने तयारी थालिएको उनको भनाई थियो ।

आर्थिक क्रियाकलापमा केही खुकुलो बनाउने र विभिन्न तीन तहमा विभाजन गरी आवश्यक निर्णयको तयारीमा रहेको मन्त्री भट्टले जानकारी दिए । उनका अनुसार सोमबारै प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा बस्ने कोरोना रोकथाम तथा उच्चस्तरीय समन्वय समितिको बैठकले लकडाउनको मोडालिटी तय गर्ने र उद्योग प्रतिष्ठान कसरी सञ्चालन गर्ने भन्ने विषयमा निर्णय गर्ने तयारी भएको मन्त्री भट्टको भनाइ छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले आज आयोजना गरेको भिडियो कन्फ्रेन्समा मन्त्री भट्टले कोरोनाको सङ्क्रमण फैलन नदिन सबैभन्दा महत्वपूर्ण उपायको रूपमा लकडाउन नै भएकाले यसलाई आम नागरिकले समेत स्वीकार गरेको बताए । सरकारले गत चैत ११ गतेदेखि लकडाउन गरिरहेको छ । लकडाउन जारी भए पनि विश्व स्वास्थ्य सङ्गठन र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तय गरेको मापदण्डलाई ध्यान दिँदै केही आर्थिक क्रियाकलाप गर्न दिने गरी वस्तुगत योजनाको तयारीमा आफूहरू लागिपरेको उनको भनाइ छ ।

सरकारले पहिलो चरणमा खाद्य तथा अत्यावश्यक उद्योगलाई सञ्चालन गर्ने तयारी गरेको छ । यस्तै दोस्रो चरणमा निर्माणका सामग्री उत्पादन गर्ने उद्योग सञ्चालनमा ल्याउने र तेस्रो चरणमा निर्यातमूलक सामान उत्पादन गर्ने उद्योग सञ्चालन गर्ने गरी तयारी गरिएको उनले जानकारी दिए ।

कोरोना सङ्क्रमणको वस्तुगत अवस्थालाई विशेष ध्यान दिएर रेड, एल्लो र ग्रिन जोन गरी तीन भागमा विभाजन गर्ने तयारीमा सरकार रहेको उनको भनाइ छ । उनले भने, "सामान्य छलफल यही दिशामा अगाडि बढेको छ तर अझै क्षेत्र भने पहिचान गरिएको छैन ।" समग्र पक्षको अध्ययन गरेर बुधबार बस्ने मन्त्रिपरिषद्को बैठकले आवश्यक निर्णय गर्ने मन्त्री भट्टले जानकारी दिए । "नयाँ अवधारणा तयार गरेर उपयुक्त निर्णय लिन्छौँ । लकडाउन लम्बिँदै जाँदा अर्थतन्त्र धरासायी हुँदै गएका विषयमा हामी जानकार छौँ ।"

उद्योग सञ्चालनको कार्यविधि पनि तम्तयारी हालतमा रहेको छ । सामाजिक दूरी कायम गर्ने, मास्क, पञ्जा, स्यानिटाइजरको प्रयोगजस्ता सुरक्षाका सामान्यभन्दा सामान्य उपायका विषयमा समेत कुनै कन्जुस्याइँ नगरिने र पूर्णरूपमा कार्यान्वयन गरिने उनको भनाइ छ । मन्त्रालयले उद्योगी तथा व्यवसायीको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ तथा नेपाल चेम्बर अफ कमर्स तथा श्रमिक र मजदुरका सङ्गठनसँग पनि निरन्तर सम्वादमा गरिरहेको छ ।

## राहत सङ्कलनार्थ 'फुड बैंक' सञ्चालन



**राजकुमार पराजुली/रासस**
काठमाडौं, २३ बैशाख

विपन्न परिवारलाई राहत वितरण गर्न काभ्रेपलाञ्चोकको स्थानीय तहले 'फुड बैंक' सञ्चालनमा ल्याएका छन् । कोरोना भाइरस सङ्क्रमणको उच्च जोखिम बढ्दै गएपछि सरकारद्वारा क्रमशः थपिएको लकडाउनका कारण खाद्य जोखिम न्यूनीकरण गर्न फुड बैंक स्थापना गरिएको जनाइएको छ ।

राहत सङ्कलन तथा वितरणमा एकद्वार प्रणाली लागू गराउन यहाँका दुई नगरले फुड बैंकको अवधारणा ल्याएका हुन् । नमोबुद्ध नगरपालिकाले हालैमात्र फुड बैंक स्थापना गरी आफ्ना क्षेत्रका विपन्न परिवारलाई राहत वितरण गरिरहेको छ । पहिलो चरणमा विपन्न परिवार पहिचान गरी सोही आधारमा राहत वितरण भइरहको नगरप्रमुख टङ्कप्रसाद तिमल्सिनाले बताऐ । "असङ्ठित क्षेत्रका मजदुरलाई विशेष प्राथमिकता दिँदै राहत वितरण गर्दैछौं", तिमल्सिनाले भने । उनका अनुसार नगरका ५८० विपन्न परिवारलाई पहिलो चरणमा राहत वितरण भइरहेको छ ।

नगरले प्रतिपरिवार एक बोरा चामल, दुई केजी दाल, दुई लिटर तेल र दुई केजी नुन वितरण गरेको हो । नगरद्वारा सञ्चालित फुड बैंकमा राहत आउने क्रम जारी भएकाले थप विपन्न परिवार पहिचान तथा दोस्रो चरणको राहत वितरबारे नगर कार्यपालिका बैठकमा छलफल भइरहेको वडाध्यक्ष तथा नगर प्रवक्ता सञ्जीव ढकालले बताए । उनका अनुसार अन्य संस्था एवं दाताबाट राहत लिएकालाई हाल नगरको राहत वितरण गरिएको छैन । फुड बैंकमा हालसम्म १९ हजार किलो चामल, एक हजार २०० किलो दाल, एक हजार ३०० लिटर तेल र एक हजार ५०० किलो नुन सङ्कलन भएको छ । ढकालले भने, "फुड बैंकमा राहत आउने क्रम जारी छ ।"

यस्तै पनौती नगरले एक महिनाअघि नै फुड बैंक सञ्चालनमा ल्याएको थियो । नगरका अतिविपन्न परिवारलाई पहिलो चरणको राहत प्याकेज वितरण गरिएको थियो । नगरले वडामार्फत छनोट भएका १३० अतिविपन्न परिवारलाई एक हप्ताका लागि खाद्यान्नसहित फुड बैंकमा उपलब्ध स्वास्थ्य सामग्रीको प्याकेज वितरण गरिएको नगरप्रमुख भीम न्यौपानले बताऐ । उनलेभने, "राहत सङ्कलन तथा वितरणमा एकद्वार प्रणाली लागू गराउन हामीले जिल्लामा पहिलोपटक फुड बैंक स्थापना गर्यौं ।"

न्यौपानेका अनुसार दोस्रो चरणमा सडक, सिँचाइ, खानेपानीजस्ता निर्माणका क्षेत्रमा खटेका मजदुर तथा अन्यत्रबाट आएका विपन्न ४७० परिवारलाई पहिलो प्याकेज हुँदै हालसम्म तेस्रो चरणको राहत वितरण भइरहेको छ । नपाले 'फुड बैंक' स्थापना गरी दाता तथा नगरको रु २० लाखबाट स्वास्थ्य सामग्रीसहित चरणबद्ध राहत वितरण गर्दै आएको हो । नगरको राहत प्याकेजअन्तर्गत चार जनासम्मको परिवारलाई १० किलो चामल र त्योभन्दा बढी भएमा २५ किलो, दाल, आलु, गेडागुडी, नुन, तेल, बेसार, प्याज, लसुन, चाउचाउ, बिस्कुट, साबुन, चिनी, चियापत्ती, चिउरा, दालमोठलगायत १७ प्रकारका छन् ।

"सबैलाई एकैपटक राहत उपलब्ध दिन नसक्ने भएकाले चरणबद्ध योजना बनाएका हौँ, लकडाउन अझै लम्बिए सोहीअनुसार राहतको व्यवस्था गरी दोस्रो प्याकेजमा राहत वितरण गर्नेबारे छलफल भइरहेको छ", न्यौपानेले भने । फुड बैंकमा हालसम्म १०० भन्दा बढी सङ्घसंस्थाले राहत सहयोग गरिसकेका छन् ।

## कोरोना कहर : ग्यास बिक्री घट्दै



**काठमाडौं/मस**-नेपालभर दैनिक एक हजार ग्यास सिलिण्डर बिक्री हुँदै आएकामा हाल ६० हजार ग्यास सिलिण्डर मात्र बिक्री भएका छन् । लकडाउन लम्बिँदै गएपछि ग्यास किन्ने उपभोक्ता कम हुँदा बिक्री घटेको एलपी ग्यास उद्योग संघले जनाएको छ ।

संघका अध्यक्ष गोकुल भण्डारीका अनुसार लकडाउनका कारण ४० प्रतिशत ग्यास खपत कम भएको छ ।"काठमाडौं उपत्यकालगायत अन्य जिल्लामा सञ्चालन भएका ठूला उद्योग, होटल तथा रेष्टुँरा, विद्यालय जस्ता बढी चहलपहल हुने क्षेत्र बन्द छन्, धेरै उपभोक्ता उपत्यका छाडेर जाँदा ग्यास खपत कम भएको हो", उनले भने, "सबै ग्यास उद्योगसँग पर्याप्त मात्रामा ग्यास मौज्दात रहेको छ भने आपूर्तिसमेत नियमित भएको छ ।" उनका अनुसार सबै ग्यास उद्योगसँग हाल दश हजार मेट्रिक टन ग्यास मौज्दात छ । देशभर रहेका ६२ ग्यास उद्योगसँग सात हजार मेट्रिक टन भण्डारणमा मौज्दात रहेको र बुलेटमा तीन हजार मेट्रिक टन ग्यास मौज्दात छ । उनका अनुसार ६२ उद्योगका एक करोड २३ लाख सिलिण्डर छन् । ग्यासको सहज आपूर्ति भएको र पर्याप्त मात्रामा भण्डारणसमेत भएकाले खाली सिलिण्डर भर्न उनले आग्रह गरे ।

पहिलेको तुलनमा काठमाडौँमा आधा पनि ग्यास सिलिण्डर बिक्री नभएको ग्यास बिक्रेता महासंघका कोषाध्यक्ष राजेश दाहाल बताउनुहुन्छ । उनका अनुसार लकडाउनअघि काठमाडौं उपत्यकामा मात्र दैनिक ४० हजार ग्यास सिलिण्डर बिक्री हुँदै आएकामा हाल १५ हजारको हाराहारीमा मात्र बिक्री हुने गरेको छ ।

नेपाल आयल निगमको तथ्यांकानुसार मार्चमा सबैभन्दा धेरै ४५ हजार ती सय टन ग्यास आयात भएको थियो । निगमका प्रवक्ता विनितमणि उपाध्यायका अनुसार सोमबार मात्र १०१ ग्यास बुलेट नेपाल प्रवेश गरेका छन् । उनका अनुसार वीरगञ्ज भन्सार नाका हुँदै विभिन्न ग्यास उद्योगका ग्यास बुलेट नेपाल प्रवेश गरेका हुन् । तिनमा सबैभन्दा धेरै नेपाल ग्यासका ३४, नोबल ग्यासका १४, जानकी, लुम्बिनी र सगरमाथा ग्यास उद्योगका सातसात, भानुका चार बुलेटलगायत अन्य उद्योगका ग्यास बुलेट नेपाल भित्रिएका हुन् । ग्याससँगै लकडाउनका कारण पेट्रोलियम पदार्थसमेत बिक्री न्यून रहेको व्यवसायी बताउँछन् ।

## सस्तोमा अण्डा बिक्री, किसानको लगानी डुब्दै



**गलकोट/मस**-लकडाउनका कारण अण्डाको खपतमा कमी आउँदा अण्डा उत्पादक किसान मर्का परेका छन् । लकडाउनका कारण अण्डा खपत हुने बजार पूर्णरूपमा बन्द भएका कारण अत्यन्त कम मूल्यमा अण्डा बेच्नुपर्ने किसानले बताएका छन् । बागलुङलाई अण्डामा आत्मनिर्भर गराउने उद्देश्यले दुई वर्षअघि जिल्लाको बागलुङ नगरपालिका-१३ पैँयुपाटामा स्थापना भएको बलेवा बहुउद्देश्यी कृषि तथा पोल्ट्री उद्योगले अण्डा उत्पादन गर्दै आएको छ ।

बजारमा अण्डाको माग घटेपछि अण्डा सप्लायर्सले कम मूल्यमा पाएको अण्डामात्र खरिद गर्न थालेपछि अण्डा उत्पादक कृषक मर्कामा परेको उद्योगका सञ्चालक प्रकाश सुवेदी रखालले जानकारी दिए । "करोडौंको लगानी गरेको उद्योगमा लकडाउनका कारण शुरुमा अण्डा बिक्री नै भएन, गोदाममा अण्डा थुप्रिन थालेपछि सस्तो मूल्यमा भए पनि अण्डा बेच्न थालियो", रखालले भने ।

प्रतिअण्डा रु १२.५० सम्म बिक्री गर्दै आएकामा लकडाउनपछि प्रतिअण्डा जम्मा रु नौ सम्ममा बिक्री गर्दै आएको बताऐ । पोल्ट्री उद्योग शुरु गरेको छोटो समयमै राम्रो आम्दानी हुन थाले पनि लकडाउनका कारण घाटामा जान थालेको रखालको भनाइ छ ।

रखालका अनुसार अण्डाको मूल्य घटे पनि दानाको मूल्य बढ्ने अवस्थामा रहेको कारण दाना किनेर कुखुरा पाल्नै समस्या हुन थालेको हो । उनको फार्ममा अहिले करिब चार हजार लेयर्स जातका कुखुराका रहेका छन् । दैनिक तीन हजार ५०० बढी अण्डा उत्पादन गर्ने फार्मले बागलुङ बजारमा अण्डाको माग घटेपछि पोखरासम्म पुर्याएर सस्तो मूल्यमा अण्डा बिक्री गर्दै आएको छ । "दानाको मूल्य घट्लाभन्दा बढ्ने अवस्थामा छ", उनले भने, "लकडाउन लम्बिँदै जाँदा लगानी डुब्ने खतरा भयो ।" रु एक करोड ६० लाखको लागतमा स्थापना गरिएको पोल्ट्री उद्योगले बागलुङलाई अण्डामा आत्मनिर्भर गराउन ठूलो योगदान पुर्याउँदै आएको छ । फार्ममा चार कामदारले रोजगारी पाएका छन् ।

## कामनाको कोरोना सुरक्षा बचत खाता

**काठमाडौं/मस**- विश्वव्यापी महामारीका रुपमा फैलिरहेको कोरोनाभाइरसको कारणले आम जनमानसमा ठूलो प्रभावपारेको वर्तमान अवस्थालाई मध्यनजर गर्दै कामना सेवा विकास बैंकले कोरोना सुरक्षा बचत खाता सञ्चालनमा ल्याएको छ ।

बैंकले अहिलेको अवस्थाप्रति जिम्मेवार बन्दै आम जनतालाई कोरोना उपचार खर्चमा सहयोग गर्न सकियोस भन्ने उद्देश्यका साथ बिमा सुविधा सहितको कोरोना सुरक्षा बचत खाता सञ्चालनमा ल्याएको हो ।

नेको इन्स्योरेन्स लिमिटेडसँगको सहकार्यमा खोलिने यो खाताको न्यूनतम मौज्दात रकम रु ५००० रहनेछ । यो खाता खोलेका ग्राहकलाई कोरोना संक्रमण भएको कुरा पीसीआर टेष्टद्वारा पुष्टि भएमा रु ५०,००० को बिमा रुकम प्रदान गरिनेछ । कामना सेवाको वेबसाइटमा गई अनलाइनबाट पनि यो खाता सजिलै खोल्न सकिनेछ ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**